# नेपाल स्टक एक्सचेन्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An Undertaking of Government of Nepal)


पत्र संख्या : मर्जर/०८०/८१ मिति : २०८०/०४/३०
चलानी नं. : २०२

श्री धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड (DLBS)
बागलुङ-२, बागलुङ ।

विषय : धितोपत्रको सूचीकरण गरिएको बारे ।

साबिकको धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड र खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) गर्दा १:०.७५ को अनुपातमा कायम हुन आएको प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- दरको शेयर क्रम संख्या १०,३१,००१ देखि १३,३१,००० सम्मको कुल ३,००,००० कित्ता शेयर धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम यस स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार हुनका लागि संलग्न सम्झौता बमोजिमका शर्तहरु पालना गर्ने गरी मिति २०८०/०४/३० को निर्णयानुसार धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट धितोपत्रको सूचीकरण गरिएको र मर्जर प्रयोजनको लागि रोक्का रहेको उक्त कम्पनीको शेयर कारोबार फुकुवा गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउँदछु ।

**शर्तहरु**

(१) धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गतका नियम तथा विनियममा उल्लेख गरिएका शर्तहरु ।
(२) धितोपत्र सूचिकरण सम्झौता पत्रमा उल्लेखित शर्तहरु ।

**बोधार्थ** :

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।
श्री वित्त व्यवस्थापन शाखा- नेप्से ।
श्री सुपरिवेक्षण शाखा - नेप्से ।
श्री प्रणाली सञ्चालन शाखा - नेप्से । (साबिकको खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड (KLBS) को सूचीकरण खारेज गरी त्यस कम्पनीको ३,००,००० कित्ता शेयर धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड (DLBS) को नाममा कायम गरी क्रम संख्या १०,३१,००१ देखि १३,३१,००० सम्मको कुल ३,००,००० कित्ता शेयर अभिलेख गर्नहुन ।)

भवदीय,
सरिता पाण्डेय
सहायक प्रवन्धक
सूचीकरण शाखा


पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538/Toll Free No. : 16600125025
website : www.nepalstock.com/ www.nepalstock.com.np